महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ८ मितिः २०७९/०७/२०

## भाग-२

**महाशिला गाउँपालिका**


# विदेशबाट फर्केका युवालाइ व्यवसाय ऋणमा वार्षिक छुट दिने सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरकिलाई रोजगारीको हक हुनेछ  भन्ने व्यवस्था रहेको र धारा ५१(झ)मा राज्यका निती अन्तरगत सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाइ दक्ष र व्यवसायिक वनाउन विदेशबाट फर्केका युवालाइ लक्षित गरी व्यवसाय गर्ने वातावरण शिर्जना गर्ने भन्ने व्यवस्था भएको र बढ्दो वेरोजगारी र ग्रामिण क्षेत्रबाट युवाहरु पलायन हुने समस्यालाइ सम्बोधन गर्न तथा युवाहरुलाइ कृषि र उद्दममा आकर्षित गर्न बाञ्छिनिय भएकाले नेपाल सरकार अर्थ मन्त्रालयको युवाहरुलाइ व्यावसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धि कार्यविधि,२०७१ को अधिनमा रहि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

महाशिला गाउँपालिका

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम विदेशबाट फर्केका **महाशिला गाँउपालिकाका विदेशबाट फर्केका युवालाइ व्यवसाय ऋणमा वार्षिक छुट दिने सम्बन्धी कार्यविधि,** २०७९ रहेको छ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुने छ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले विदेशबाट फर्केका **महाशिला गाँउपालिकाका विदेशबाट फर्केका युवालाइ व्यवसाय ऋणमा वार्षिक छुट दिने सम्बन्धी कार्यविधि,** २०७९ सम्झनु पर्दछ।

(ख) "गाँउकार्यपालिका" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाँउपालिका" भन्नाले महाशिला गाँउपालिका सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले महाशिला गाँउकार्यपालिका सवै वडा कार्यलयहरुलाई सम्झनु पर्दछ।

(च) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्दछ।

(ज) "प्रमुख" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख सम्झनु पर्दछ।

(झ) "उप-प्रमुख" भन्नाले महाशिला गाँउकार्यपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख प्रशाकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "विदेश" भन्नाले नेपाल बाहेकका स्वतन्त्र रुपमा मान्यता पाएका राष्टलाइ सम्झनु पर्दछ।

(ठ)"युवा" भन्नाले आर्थिक रुपले सक्रिय २१ वर्ष देखि ४५ वर्ष सम्मको उमेर समूहका प्राकृतिक व्यक्ति वा त्यस्ता व्याक्तिहरुबाठ सञ्चालित फर्म कम्पनी र संस्था सम्झनु पर्दछ।

(ड) वैंक भन्नाले यस कार्यविधि अनुसार कृषि कर्जा प्रवाह गर्ने वाणिज्य बैंकलाई तथा सहकारी संस्था सम्झनु पर्दछ।

**३. कर्जाका क्षेत्रहरुः-**

यस्तो अनुदान पाउनका लागि कर्जा लिने व्याक्तिले देहायका क्षेत्रमा मात्र लगानी भएको हुनुपर्दछ।

क) कृषि
ख) पशुपालन
ग) लघुउद्दम

महाशिला गाँउपालिका

**४. कर्जामा प्रदान गरिने व्याज अनुदानको लागि आवश्यक कागजात तथा भुक्तानी प्रकृया :**

**१) यस्तो व्याज अनुदान यो कार्यविधि लागु भएपछि व्याज लिने विदेशबाट फर्केका ऋणीलाई मात्र उपलब्ध हुनेछ।**

**२) व्याज अनुदान प्राप्त गर्ने कृषि कर्जाको अधिकतम सिमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।**

(३) वैदेशिक रोजगारबाट फर्केका युवाले गाँउपालिका भित्र कृषि, पशुपालन र लघुउद्दम गर्ने क्रममा वाणिज्य बैंक तथा सहकारी संस्था मार्फत लिएको कर्जामा बार्षिक १२% व्याज सम्म अनुदान दिन सकिने छ।

(४) यस्तो अनुदान पाउने युवाले विदेशबाट फर्केको प्रमाणको रुपमा नेपाल सरकारबाट जारी भएको राहदानीलाइ आधार मानिने छ र गाँउपालिकाले मागेको खण्डमा सक्कल राहदानी नै पेश गर्नुपर्नेछ। साथै गाँउपालिकाको स्थायी ठेगाना भएको नागरिकता हुनुपर्नेछ।

(५) यस्तो अनुदान पाउनका लागि सम्बन्धित व्यक्ति विदेशबाट नेपाल फर्केको ५ वर्ष भन्दा बढी अवधी व्यतित भएको हुनु हुदैन।

(६) अनुदान पाउनका लागि कृषि, पशुपालन र लघुउद्धममा मात्र लगानी गरेको हुनुपर्नेछ।

(७) यस्तो अनुदानको रकम गाँउपालिकामा पेश भएका निवेदनमध्येबाट कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(८) जुन उद्देश्यका लागि कर्जा लिएको हो सोहि उद्देश्यका लागि मात्र कर्जा लगानी गर्नु पर्नेछ। साथै उक्त कर्जा सदुपयोग भएको नपाइएमा व्याज अनुदान दिइने छैन।

(९) कृषि कर्जा पाउनका लागि अनुसुचि १ बमोजिमको ढाँचामा बैंकमा निवेदन दिनु पर्नेछ।

**५. समिति गठन :**

(१) तोकिएको क्षेत्रमा लगानी भए नभएको सुनिश्चित गर्न तथा अनुगमन सुपरिवेक्षण गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) आर्थिक प्रशासन शाखा -सदस्य

(ग) कृषि तथा पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

६. बैंक तथा सहकारी संस्थाको जिम्मेवारीहरु

कर्जा लिन चाहाने विदेशबाट फर्केका युवाहरुले वैंकमा निवेदन दिए पश्चात वैंकले कार्यविधिमा उल्लेखित कागजात व्यवस्था बमोजिमको निवेदन र आवश्यक कागजात सहितको विवरण उल्लेख गरी गाँउपालिकामा कर्जा प्रवाह गर्ने सहमतिका लागि पठाउनुपर्नेछ र गाँउपालिकाले आवश्यक

महाशिला गाँउपालिका

कागजात र उक्त कर्जाको १२ प्रतिशत व्याज वापत लाग्ने वार्षिक रकमको आँकलन गरी बैंकलाइ कर्जा प्रवाह गर्न सहमति दिन सक्नेछ।

७. **थपघट, हेरफेर वा संशोधन:** गाउँसभा /कार्यापालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

८. **बाधा अड्काउ फुकाउ:** यो कार्यविधि  कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूलमर्म प्रतिकूल नहुने गरि गाउँ कार्यापालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

महाशिला गाउँपालिका

# अनुसुचि -१

## दफा ४ को खण्ड ९ सँग सम्बन्धित

श्री ......बैंक लि.

.......................

विषयः- व्याज अनुदान सहितको कृषि कर्जा बारे।

महाशय,

उपर्युक्त सम्बन्धमा महाशिला गाँउपालिकाको विदेशबाट फर्केका युवाहरुलाई व्यवसाय ऋणमा वार्षिक अनुदान सम्बन्धी कार्यविधि,२०७९ बमोजिम कर्जा उपभोग गर्नका लागि मलाइ/मेरो (फर्म/ कम्पनी/संस्था) लाई ..................प्रयोजनका लागि कर्जा प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु। साथै वैंकले तोकेको कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु।

मैले प्रचलित कानुन नेपाल राष्टबैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएको शर्तहरुको अधिनमा रही कर्जाको सहि सदुपयोग गरी कर्जाको साँवा तथा व्याज समयमै भुक्तानी गर्नेछु।

निवेदक

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

महाशिला गाँउपालिका